# बाइबलीय आधारभूत सिद्धान्त

Basic Doctrine
Notes by Franklin

## I परमेश्वर

क) परिचय : यर्मिया ९:२४ दानियल ११:३२ होशे ६:३, ६ यूहन्ना १७:३

ख) परमेश्वरको अस्तित्व हिब्रू ११:६ उत्पत्ति १:१

१) परमेश्वरको अस्तित्व छ भनी हरेक मानिसलाई थाहा छ। रोमी १:१८-३२

२) "तथ्य र कारण" सिद्धान्तलाई हेर्दा, हरेक कुरा जुन छ , त्यो बनाउने व्यक्ति बारे हाम्रो सोच जाँदछ। हामीसँग घड़ी छ, त्यो घड़ी बनाउने व्यक्ति पक्कै छ। हामीसँग पुस्तक छ ... लेखक छ। हामीसँग सृष्टि छ, पक्कै पनि बनाउने सृष्टिकर्त्ता हुनुपर्दछ। यस सृष्टि यस्तो अस्तित्वमा विना ज्ञान, अथवा एक सृष्टिकर्त्ता विना त्यसै हुन आएको होइन। अक्षरहरु मिलेर पुस्तक बन्दछ तर लेखक विनाको पुस्तक जस्तै हुनेछ।

३) भजन १४:१ मूर्खले आफ्नो मनमा भनेको छ, "ईश्वर छैन।"

ग) परमेश्वरको चरीत्र (गुण)- परमेश्वर असिमित हुनुहुन्छ - सिमारहित

१) अनन्त- समयद्वारा सिमित नभएको - अनन्त जीवन
- उत्पत्ति १:१ "आदिमा परमेश्वरले" प्रकाश २२:१३
- यशैया ९:६ "अनन्तका पिता"
- हिब्रू ९:१४ "अनन्तको आत्मा"
- हिब्रू १:८ "पुत्र ... सधैं भरि"
- यूहन्ना १:४; ५:२६ प्रेरित १७:२५
- यशैया ४२:५ १तिमोथी १:१७; ६:१६

२) सर्वशक्तिमान - शक्तिमा असिमित - सबैका सृष्टिकर्त्ता
- उत्पत्ति १:१ स्वर्ग र पृथ्वी सृष्टि गर्नुभयो
- उत्पत्ति १७:१ एल-सद्दाई - परमेश्वर शर्वशक्तिमान
- उत्पत्ति १८:१४ "के परमेश्वरको निम्ति कुनै कुरा कठीन छ र ?"
- अयूब २६:७ "उहाँले पृथ्वीलाई शुन्यतामा अड्याउनुभएको छ।"
- मत्ती १९:२६ "... परमेश्वरमा सबै कुरा संभव छ।"
- लूका १:३७ "परमेश्वरमा कुनै कुरा असंभव छैन।"
- भजन १०३:१९ उहाँको सर्वभौमताले सबैमाथि राज्य गर्दछ।
- *यशैया ४२:५ *४३:१०-१३ *४५:१२, १८; ४८:१२-१३

३) सर्वज्ञानी– बुद्धि र ज्ञानमा उहाँ सिमित हुनुहुन्न

- यशैया ४०:२८ भजन १४७:५ रोमी ११:३३
- नक्षत्रहरु कमिकता; चराहरुको उड्ने कम, पानीमा माछा

४) सर्वव्यापी - उहाँ क्षेत्र वा सिमानामा सिमित हुनुहुन्न

- भजन १३९:७-१० *हिब्रू ४:१३

५) उहाँ धार्मिकतामा सिमित हुनुहुन्न (नैतिक असलपना)

- लेवी ११:४५; १९:२
- होशे १४:९
- यशैया ६:३; १पत्रुस १:१४-१६; २:२१-२२ प्रकाश ४:८

६) उहाँ न्यायमा सिमित हुनुहुन्न (वैधिक ठीकपना)
त्यसैकारण उहाँले अनाज्ञाकारिता र पापको दण्ड दिनुपर्छ।

- यूहन्ना ५:३०; ८:१६ रोमी ३:४, २६
- भजन ५१:४ हितो ११:१ लेवी १९:३५-३६

७) असिमित प्रेम

- १यूहन्ना ४:८ १कोरिन्थी १३:४-८
- हितो १०:१२ त्यसैकारण परमेश्वरले आफ्नो पुत्रलाई दोषी तुल्याएर हाम्रो पाप क्षमा गर्नुभयो।
- एफिसी २:४-८ दया र अनुग्रह उहाँको प्रेमबाट आउँछ।

प्रश्न : यदि परमेश्वर प्रेम हुनुहुन्छ भने उहाँले कसरी मानिसलाई नरकमा पठाउनुहुन्छ ?

प्रश्न : यदि परमेश्वर सिद्ध पवित्र हुनुहुन्छ भने उहाँले कसरी मानिसलाई स्वर्ग पठाउनुहुन्छ ?
हाम्रो यस अध्ययनले यी दुवटा प्रश्नहरुको उत्तर स्पष्ट रुपमा दिनेछ।

# परमेश्वरको त्रिएकत्व

By - Franklin

## I परिचय

त्रिएकत्व : को अर्थ एउटै परमेश्वरको पूर्ण स्वरुपलाई तीन व्यक्तिमा पूर्ण गराउने भन्ने बुझिन्छ, जसमा पिता, पुत्र र पवित्र आत्मा हुनुहुन्छ ।

व्यवस्था ६:४
"सुन, हे इस्राएल ! हाम्रा प्रभु परमेश्वर एउटै मात्र हुनुहुन्छ !"

एउटै परमेश्वर तीन व्यक्तिमा प्रकट हुनुभएको छ : पिता, पुत्र र पवित्र आत्मा

एफिसी ४:४-६ "शरीर एउटै छ, र पवित्र आत्मा एउटै हुनुहुन्छ - जसरी तिमीहरु बोलाइँदा एउटै आशामा बोलाइएका थियौ, जुन आशा तिमीहरुको बोलाबटसँग गाभिएको छ- एउटै प्रभु, एउटै विश्वास र एउटै बप्तिस्मा, हामी सबैका एउटै परमेश्वर र पिता, जो सबैमाथि सबैका मध्य र सबैमा हुनुहुन्छ ।" यी सबैले एकता बारे भन्दछ ।

विचारमा, उद्देश्यमा, सहमतिमा, कार्यमा र काममा एउटै ।

## II पुरानो नियममा त्रिएकत्व

पुरानो नियममा त्रिएकत्वको सिद्धान्तबारे स्पष्ट छैन तरै पनि त्यहाँ यसबारे अवश्य कुरा छ ।

१) त्रिएकत्वको तीन व्यक्तिलाई बहुवचनको प्रयोगद्वारा उद्धृत गरिएको छ ।

- उत्पत्ति १:१ "आदिमा परमेश्वरले स्वर्ग र पृथ्वी सृष्टि गर्नुभयो ।"
  परमेश्वर- एलोहिम- हिब्रूमा- बहुवचन

नयाँ नियमले हामीलाई बताउँदछ कि परमेश्वरको पुत्रले संसारलाई सृष्टि गर्नुभयो ।

उत्पत्तिको परमेश्वर उत्पत्ति १:१ र परमेश्वरको पुत्र एउटै हुनुहुन्छ ।
यूहन्ना १:३, १०; एफिसी ३:९ कलस्सी १:१६; हिब्रू १:२

- उत्पत्ति १:२६ "अनि परमप्रभुले भन्नुभयो 'हामी मानिसलाई आफ्नै स्वरुपमा बनाऔं ...."
- उत्पत्ति ३:२२ "हेर, मानिस हामीजस्तै असल र खराबको ज्ञान जान्ने भएको छ ...।"
- यशैया ६:३ "पवित्र, पवित्र, पवित्र"
- यशैया ६:८ "म कसलाई पठाउँ, र हाम्रो निम्ति को जाने ?"

२) परमेश्वरले आफूलाई धेरै नामद्वारा प्रकट गर्नु भएको छ ।

- प्रायजसो परमेश्वरको आत्मा भनी बताइएको छ । उदाहरण उत्पत्ति १:२

- परमेश्वरको पुत्रलाई “मेरो दास” भनी उद्धृत गरिएको छ   यशैया ५२:१३-५३

यशैया ९:६ अब जन्मनुहुने “शक्तिशाली प्रभु” र “पिता” हुनुहुनेछ ।

## III नयाँ नियममा त्रिएकत्व

लूका १:३०-३५
पूर्नजन्म : सर्वशक्तिमानको पुत्र– पवित्र आत्माद्वारा जन्मनुभयो ।
पूरा भएको    भजन २:७;    यशैया ४२:१

मत्ती ३:१६-१७, यहाँ येशू ख्रीष्टले पानीको बप्तिस्मा लिनुभयो, पिताले स्वर्गबाट बोल्नुभयो र पवित्र आत्मा एक ढुकुरको रुपमा ओर्लनुभयो । हामीले पनि येशूको नाममा बप्तिस्मा लिनुपर्दछ नामहरुमा होइन “पिताको नाममा, पुत्र र पवित्र आत्माको नाममा” (मत्ती २८:१९)

क) पितालाई परमेश्वरको संज्ञा दिइएको छ
यूहन्ना १७:३   रोमी १:७     यशैया ९:६
१पत्रुस १:२    यूहन्ना १:१८

खं येशू ख्रीष्टको ईश्वरत्व- उहाँ परमेश्वर हुनुहुन्छ ।

१) पुरानो नियमको यहोवा नयाँ नियमको येशू ख्रीष्ट हुनुहुन्छ ।
यशैया ४४:६;  ४१:४;  ४८:१२;     प्रकाश १:८,   १७,   २२:१३

२) उहाँ अनन्त हुनुहुन्छ / उहाँ मात्र अनन्त हुनुहुन्छ
१तिमोथी १:१७; ६:१४-१६     मीका ५:२     हिब्रू १३:८

३) उहाँ परमेश्वर हुनुहुन्छ र सबै थोक बनाउनुभयो
यूहन्ना १:१-४,  १४, १८     कलस्सी १:१६

४) उहाँले सबै कुरा नियन्त्रण गर्नुहुन्छ:     हिब्रू १:३     कलस्सी १:१७

५) उहाँमा ईश्वरत्वको सम्पूर्णता वास गर्दछ     कलस्सी २:९

६) परमेश्वरको समानता र स्वरुपमा उहाँ जन्मनुभयो ।

फिलिप्पी २:६
मानिस वा स्वर्गदूतबाटको उहाँलाई भन्न मिल्दैन कतिले उहाँलाई स्वर्गदूतहरुको समानतामा राख्दछन् : विचार गरौं     हिब्रू २:१६

७) उहाँ पुरानो नियमको यहोवा हुनुहुन्छ, यसले उहाँको अस्तित्वमा आउनु अघिको कुरा बारे बताउँदछ यूहन्ना ८:५१-५९ प्रस्थान ३:१४

८) पिताद्वारा परमेश्वर भनी बोलाइएको हिब्रू १:८ तीतस २:१३

९) पाप क्षमा गर्नुहुन्छ। परमेश्वरले मात्र पाप क्षमा गर्नुहुन्छ लूका ५:२०-२४

१०) उहाँमा स्वर्ग र पृथ्वीको सबै शक्ति छ भनी भनिएको छ। परमेश्वरमा मात्र शक्तिछ मत्ती २८:१८

११) येशूले परमेश्वरको पुत्र र प्रभु भनी दावी गर्नुभएको छ मत्ती २२:४२-४५ लूका २२:६७-७०; २३:३

१२) चेलाहरुले त्रिएत्वबारे प्रचार गरे : प्रेरित २:३२-३३ ५:२९-३२ १०:३८

उहाँ पानीमाथि हिँड्नुभयो। आँधीबेहरी र बतासले उहाँको आज्ञा माने। बिरामीहरुलाई निको पार्नुभयो। मरेकालाई बिउँताउनुभयो। अन्धालाई दृष्टि दिनुभयो। बहिरालाई सुन्ने तुल्याउनुभयो। लङ्गडाहरुलाई हिँड्ने तुल्याउनुभयो। दुष्टआत्माहरुलाई भगाउनुभयो। पानीलाई दाखरसमा परिवर्तन गर्नुभयो र सानो केटाको खाजाबाट पाँचहजार मानिसलाई खुवाउनुभयो।

## ग) पवित्र आत्माको ईश्वरत्व- उहाँ परमेश्वर हुनुहुन्छ

पवित्र आत्मा परमेश्वर भनी चिनिनुभएको छ। प्रेरित ५:३-४

परमेश्वरको सम्पूर्ण ईश्वरत्वले मानिसमाथि कार्य गर्दछ। मानिसलाई पापको कायल गराउँदछ यूहन्ना १६:७-११

विश्वासीहरुलाई सबै सत्यतामा डोऱ्याउँदछ : यूहन्ना १६:१२-१५

पवित्र आत्मा प्रभु अनी परमेश्वर हुनुहुन्छ
२कोरिन्थी ३:१७; यूहन्ना ४:२४; प्रेरित ५:३-४

- सर्वव्यापी भजन १३९:७-१० (आत्माहरु होइन)
- सर्वशक्तिमान यूहन्ना ६:६३ २कोरिन्थी ३:६ अयूब ३३:४
- सर्वज्ञानि १कोरिन्थी २:९-१२
- अनन्त हिब्रू ९:१४

## घ) पिता, पुत्र र पवित्र आत्माको एकरुपता र एकता।

यूहन्ना ४:२४ "परमेश्वर आत्मा हुनुहुन्छ"
यूहन्ना ६:३६ "जीवन दिने आत्मा उहाँ नै हुनुहुन्छ"
यूहन्ना १:४ "उहाँमा (वचन) जीवन थियो"
यूहन्ना १४:१७ "सत्यको आत्मा"

यूहन्ना १४:६ “बाटो, सत्य र जीवन म नै हुँ”
१कोरिन्थी १५:४५
“पछिल्लो आदम जीवन दिने आत्मा बन्नुभयो ।”
रोमी ८:२, ९-११
जीवनको आत्मा = परमेश्वरको आत्मा = ख्रीष्टको आत्मा = पिताको आत्मा

## ङ) पिता र पुत्रको एकरुपता र एकता

यूहन्ना १०:३०,३१, ३३, ३८, १२:४५; १४:७-१०; १७:२१-२३

"JESUS ONLY" (जिजस ओन्ली) हरुको शिक्षाले “परमेश्वरको एकता” लाई प्रहार गर्दछ र वचनको प्रकाशको विरूद्धमा छ । आफ्नो पुत्रको आदर र महिमामा पिताले कहिले पनि डाह गर्नुहुन्न, तर उहाँ रमाउनुहुन्छ !

पुत्रको आदर र महिमामा पवित्र आत्माले डाह गर्नुहुन्न र उहाँ पनि रमाउनुहुन्छ ।

त्रिएकत्वको हरेक व्यक्तित्वले आफ्नो व्यक्तिगत महिमा वा परिचय खोज्नुहुन्न तर अरू सदस्यलाई उचाल्ने र उठाउने काम गर्नुहुन्छ, जसरी यी पदहरुले व्याख्या गरेको छ ।

यूहन्ना १६:१४ पवित्र आत्माले येशूलाई उचाल्नुहुन्छ
लूका १२:१० येशूले पवित्र आत्मालाई महिमा दिनुहुन्छ
फिलिप्पी २:९ पिताले पुत्रको महिमा गर्नुहुन्छ
कलस्सी १:१९
यूहन्ना ८:२९; १४:१३; १७:४ पुत्रले पिताको महिमा गर्नुहुन्छ

माथिका कुराहरुले यो देखाउँदछ कि जब एउटा व्यक्तिले येशू र पिताको नाउँमा बप्तिस्मा लिँदछ भने पवित्र आत्मा रमाउनुहुन्छ र उहाँले त्यो ग्रहण गर्नुहुन्छ तिद्वारा नै उहाँ उचालिनुहुन्छ ।

मानिसहरुको शिक्षामा विभाजन आउँदछ । परमेश्वरको साँचो शिक्षाले एकता गराउँदछ ।

बाइबलीय आधारभूत सिद्धान्त
Notes by Franklin

# II मानिस

क) मानिसको शुरूवात मानिस कहाँबाट आयो ?

- उत्पत्ति १:२६-२८; २:७, १८, २१-२५

ख) शुरूमा सृष्टि गरिँदा मानिसको अवस्था

१) सिद्ध :

- पापरहित, विरामी रहित वा मृत्यु रहित, अनन्त
- परमेश्वरसँग हिँड्थे उत्पत्ति १:३१; ३:८

२) परमेश्वरको स्वरुप वा इच्छामा बनिएका थिए

- बिकसित वा तिक्ष्ण ज्ञानको सक्षमता कलस्सी ३:१०
- नैतिक र धार्मिक एफिसी ४:२४
- स्वतन्त्र – आफ्नो निर्णय गर्न सक्ने उत्पत्ति २:१६-१७
- अनन्तको प्राणी

३) तीनवटा भागहरु : आत्मा – प्राण – शरीर

- उत्पत्ति २:७ धुलोबाट शरीर । आत्मा प्राण परमेश्वरको सास (आत्मा) बाट
- गन्ती १६:२२ जकरीया १२:१ १थेस्सोनिकी ५:२३

ग) किन परमेश्वरले मानिसलाई बनाउनुभयो ?

१) उहाँको महिमा गर्न सृष्टि गर्नुभयो यशैया ४३:७
२) उहाँको आनन्द पूर्ण गर्न प्रकाश ४:११
३) उहाँको स्तुति र प्रशंसा गर्न एफिसी १:१२; प्रकाश ५:१३-१४
४) उहाँको छोराछोरी (परिवार) हुन । उहाँ पिता हुनुहुन्छ यूहन्ना १:१२
एफिसी ३:१४-१५; ४:६ हिब्रू २:१०-१६
५) उहाँको पुत्रको निम्ति कलस्सी १:१६

- उहाँको मण्डली हुन कलस्सी १:१८
- उहाँको दुलही हुन प्रकाश १९:७ २१:२, ९

६) पृथ्वीमाथि राज्य गर्न हिब्रू २:५-८
७) असल कामहरुको निम्ति एफिसी २:१०

घ) के मानिस सधैं यस्तै सिद्धतामा रहिरह्यो ?

# बाइबलिय आधारभूत सिद्धान्त
## **III** पाप

क) परिचय

१) मानिसले सानोभन्दा सानो पाप गर्दछ। हितोपदेश १४:९ "मूर्खले पापको खिल्ली उडाउँछ।"हामी पापको संसारमा जन्मियौँ। हामीलाई यही कुरा थाहा छ। यो जीवनको चलिरहने सामान्य प्रक्रिया हो। यसलाई हामी ग्रहण गर्दछौं र विना प्रश्न हामी यसैअनुसार चल्दछौं।

२) परमेश्वरको दृष्टिमा पाप खराब छ।
मत्ती ५:२९-३० "च्यातेर फ्याँक ... काटेर फालिदेऊ"
प्रेरित ५:१-६ हननिया र सफिराको झूट

ख) पाप के हो ?
१) १यूहन्ना ३:४ पाप परमेश्वरको नियम विरूद्धको गल्ती हो।
उदाहरण : मानिसको प्रथम पाप : उत्पत्ति २:१६-१७

पापको दुष्टता हामीलाई देखाउन, परमेश्वरले मानिसलाई व्यवस्था दिनुभयो। व्यवस्थाले धार्मिकता के हो हामीलाई देखाउँछ।

- रोमी २:१४-१५ हरेक मानिसको हृदयमा व्यवस्था छ तर मानिसको विवेकले यसलाई पोलेर व्यर्थ बनाएको छ (१तिमोथी ४:२)। स्पष्ट रुपमा भन्नुपर्दा परमेश्वरले आफ्नो व्यवस्था पाटीमा लेखेर मानिसलाई दिनुभयो।

- गलाती ३:२४ व्यवस्था हाम्रो शिक्षक बन्नुभयो उहाँले हामीलाई के सिकाउनुहुन्छ ?

  क) रोमी ३:२० व्यवस्थाद्वारा पापको ज्ञान थाहा हुँदछ।
  ख) रोमी ५:२० पाप के हो, व्यवस्थाले सिकाउँदछ।
  ग) रोमी ७:७ पाप के हो, व्यवस्थाले देखाउँदछ।
  घ) रोमी ७:१२ व्यवस्था असल छ।
  ङ) यूहन्ना १५:२२ पाप के हो, येशूले हामीलाई भन्नुभयो।
  च) यूहन्ना १६:८ पवित्र आत्माले हामीलाई पापको कायल गराउनुहुन्छ

२) रोमी ३:२३ पाप परमेश्वरको महिमारहित हुनु हो।
३) १शमूएल १५:२३ पाप परमेश्वरको विरूद्धमा विद्रोह हो।
४) १यूहन्ना ५:१० पाप अविश्वास हो यसले परमेश्वरलाई झूटा तुल्याउँछ रोमी १४:२३
५) यशैया ५३:६ पाप हाम्रो आफ्नै जीवन र बाटोमा जिउनु हो।
६) १यूहन्ना ५:१७ सबै अधार्मिकता पाप हो।

ग) पापको उत्पत्ति (वा शुरूवात)
१) इजकिएल २८:११-१९

२) यशैया १४:१२-१७ “सर्वशक्तिमान जत्तिकै”
साथै २थेसलोनिकी २:४; प्रकाश १७:४, ५

घ) पाप संसामा कसरी प्रवेश भयो ?

१) रोमी ५:१२ एउटा मानिसद्वारा
२) उत्पत्ति ३:१-२४ जब आदमले पाप गऱ्यो उसका सन्तान सबै श्रापित भए ।
३) भजन ५१:५; ५८:३ हामीले हाम्रो बालबालिकालाई झूट बोल्न सिकाउनु पर्दैन ।
४) रोमी ५:१८ सबै मानिसलाई पापी भनी न्याय गरिएकोछ ।
५) रोमी ३:२३ सबैले पाप गरेका छन् ।
६) मानिसले पाप गर्दछ कारण स्वभावैले ऊ पापी छ ।

ङ) पापको परिणामहरु
उत्पत्ति २:१६-१७ “तिमी निश्चय मर्नेछौ” परमेश्वरले भन्नुभएको अर्थ के हो ?

१) मृत्यु एफिसी २:१ रोमी ६:२३

मृत्युले मानिसको अस्तित्व मेटाउँदैन; यसले अलग पार्छ ।

क) पापको ज्याला चाहिँ : आत्मिकी मृत्यु हो ।

- आत्मा र प्राण परमेश्वरवाट अलग हुँदछ जो जीवन हुनुहुन्छ ।
  उत्पत्ति २:१६-१७ यशैया ५९:२ इजकिएल १८:४, २०

ख) पापको ज्याला चाहिँ : शारीरिक मृत्यु हो ।

- आत्मा र प्राण शरीरबाट अलग हुँदछ ।
- जसरी रुखबाट हाँगा काटिन्छ, त्यो मर्छ
  उत्पत्ति ३:१९
- जब शरीरले कार्य गर्न बन्द गर्छ र शारीरिक रुपमा मर्दछ, आत्मा र शरीर न्यायको निम्ति परमेश्वरकहाँ फर्कि जान्छ । भजन १०४:२९; ९०:१०; उपदेशक १२:७; अयूब ३४:१४-१५ हिब्रू ९:२७

ग) पापको ज्याला चाहिँ : अनन्त मृत्यु

- परमेश्वरको दयाबाट अनन्तको लागि अलग्गिनु
  २थेसलोनिकी १:८-९ प्रकाश २०:११-१५

तर येशू खीष्टको मृत्युद्वारा एउटा मानिसले क्षमा पाएपछि–
अनन्त जीवन
लूका २३:४६ प्रेरित ७:५९ यूहन्ना ५:२४ २कोरिन्थी ५:६-८
फिलिप्पी १:२१-२४ १थेसलोनिकी ४:१३-१८

२) शैतानको नियन्त्रणमा र पापको दास
- एफिसी २:१-३ रोमी ६:२०
- २तिमोथी २:२५-२६ तीतस ३:३
- यूहन्ना ८:३४

३) आदमले शैतानलाई संसार अधिकार गर्नलाई सुम्पिदियो लूका ४:६

४) आत्मिक सत्यताप्रति अन्धो र बहिरोपना – समझमा अंध्यारोपन र हृदयमा अभिषाप
- यर्मिया १७:९
- १कोरिन्थी २:१४
- २कोरिन्थी ४:४

५) हृदय यी कुराहरुले भरिएको छ :
- मूर्तिपूजा रोमी १:२१-२३
- अनैतिकता रोमी १:२४-२७
- दुष्टता र पाप रोमी १:२८-३२

६) पाप विश्वव्यापी छ– सबै मानिसहरु पापको शक्तिको अधीनतामा छन् – कोही पनि धर्मी छैन ।
- भजन १३०:३
- हितो २०:९
- उपदेशक ७:२०; ९:३
- रोमी ३:९-१२, २३
- याकूब ३:२, ८
- १यूहन्ना १:८, १०

च) पाप प्रति मानिसको उत्तर

| | |
|---|---|
| १) स्वधार्मिकपना | यशैया ६४:६ |
| २) उसले असल जीवन जिउने कोशिश गर्दछ | तीतस ३:५ |
| ३) ऊ परमेश्वरको नियममा जिउने कोशिश गर्दछ | मत्ती ५:२१-२२, २७-२८; रोमी १०:३ |
| ४) अरू धर्महरु र बलिदानहरु | यूहन्ना १४:६ हिब्रू १०:४ |

दुष्टहरुको निम्ति अनन्त ज्वालाको न्यायलाई परमेश्वरले घृणा गर्नुहुन्छ भने उहाँले हाम्रो जीवनमा भएको पापलाई झन् कति घृणा गर्नुहुन्छ होला यो हामीले बुझ्नु आवश्यक छ ।

उहाँले पापको लागि आफ्नो आँखा बन्द गर्नुहुन्न ।

उहाँले आदमलाई भन्नुभएको थिएन, "त्यसलाई फेरि छुन नदेऊ ।"

यसलाई कलभरी क्रूसमा उहाँको आफ्नो पुत्रको मृत्युको आवश्यकता परेको थियो ।

किन यो पढाइ (अध्ययन) महत्वपूर्ण छ !

उत्तर :
हाम्रो पापबाट क्षमा पाउनको लागि हामीले दुईवटा कुराहरु जान्नै पर्दछ ।

१) म एउटा पापी हुँ ।

२) येशू पापीहरुलाई उद्धार गर्नको लागि आउनुभएको थियो ।

# IV. मुक्ति

Note by Franklin

## क) परिचय

१) मुक्तिसँग अर्थ छ : हिब्रू शब्द “याशा” को अर्थ हुन्छ :

- दुष्टबाट छुटकारा पाउनु, थिचोमिचोबाट स्वतन्त्र गराउनु ।
- सुरक्षित राख्नु, उन्नति हुनु ।
- पुनस्थापित गराउनु ।
- निको तुल्याउनु
- विजयको अनुभव गर्नु ।

२) मुक्तिको अर्थ, बाइबलको सन्देश र सुसमाचार हो ।

- उत्पत्ति ३:२१
- यशैया ४५:२२-२५
- १तिमोथी २:३-४

३) मुक्ति, परमेश्वरको योजना हो, मान्छेको होइन, धर्मको पनि होइन ।

क) भजन ३:८ “मुक्ति प्रभुमा सम्बन्धित छ ।”
ख) योना २:९ “मुक्ति प्रभुबाट हो ।”
ग) प्रेरित ४:१२ एउटै मात्र त्यस्तो व्यक्ति हुनुहुन्छ जसले उद्धार गर्न सक्नुहुन्छ।
घ) यूहन्ना १४:६ एउटै मात्र बाटो छ– एउटै मात्र उद्धारकर्ता हुनुहुन्छ

४) मानिस मरेको छ उसले आफैले आफैलाई बचाउन सक्दैन । उसँग आफ्नो पापमय स्वभाव परिवर्तन गर्ने शक्ति छैन । ऊ मरेको छ । उसलाई जीवनको आवश्यकता छ । उसलाई एउटा उद्धारकर्ताको आवश्यकता पर्दछ ।

- अयूब १४:४
- यूहन्ना ५:४०; ६:४४, ६५; १७:२
- यर्मिया १३:२३
- प्रेरित ११:१८
- मत्ती ७:१६-१८, १९:२५, २६

५) हामीले परमेश्वरको विरूद्धमा पाप गरेका थियौं । भजन ५१:४
परमेश्वरले मात्रै हामीलाई क्षमादिन सक्नुहुन्छ लूका ५:२१
तर परमेश्वर निष्पक्ष हुनुहुन्छ । पापको न्याय गरीनु नै पर्दछ !

६) सुसमाचार के हो ?

- रोमी १:१६-१७
- १कोरिन्थी १५:१-४ मृत्यु– दफन (गाड्ने) – पुनरूत्थान
- एफिसी २:८ “किनभने तिमीहरुले विश्वासद्वारा अनुग्रहबाट उद्धार पाएका छौ ।”

ख) उद्धारकर्ता– येशू ख्रीष्ट

हिब्रूको नाउँ– “येशू’अब” उद्धारकर्ता हो , मुक्तिलाई एउटा त्यस्तो व्यक्तिको आवश्यकता पर्दछ । जो उद्धार गर्नको योग्य छ ।
परमेश्वरमा मात्रै अधिकार र शक्ति छ ।

- यशैया ४३:३, ११-१३; ४५:२१
- १यूहन्ना ४:१४ “पिताले पुत्रलाई संसारको उद्धारकर्ता हुनको लागि पठाउनु भएको थियो ।
- मत्ती १:२१; लूका २:३०; ३:६ येशूलाई परमेश्वको मुक्ति भनिन्छ ।

१) येशू ख्रीष्टको ईश्वरीयता– उहाँ परमेश्वर हुनुहुन्छ ।

क) पुरानो करारको यहोवा नयाँ करारको येशू हुनुहुन्छ ।
यशैया ४४:६; ४१:४; ४८:१२; प्रकाश १:८, १७; २२:१३

ख) उहाँ परमेश्वर हुनुहुन्छ र उहाँले नै सबै कुरा सृष्टि गर्नुभएको थियो ।
यूहन्ना १:१-४, १४, १८; कलस्सी १:१६

ग) उहाँमा नै सबै कुरा जम्मा गरी बसेका छन् । हिब्रू १:३ कलस्सी १:१७

घ) उहाँमा ईश्वरीयताको पूर्णताले वास गरेको छ : कलस्सी २:९

ङ) उहाँ यो संसारभन्दा अघि देखि नै हुनुहुन्थ्यो भनेर घोषणा गर्नुहुन्छ र उहाँ पुरानो करारको ”यहोवा“ हुँ भनेर घोषणा गर्नुहुन्छ ।
यूहन्ना ८:५१-५९ प्रस्थान ३:१४

च) उहाँको एकता अर्थात् परमेश्वर पितासँगको एउटै सारत्वको घोषणा गर्नुहुन्छ
यूहन्ना १०:३०, ३१, ३३

छ) पिताद्वारा परमेश्वर भनेर बोलाइएको थियो । हिब्रू १:८

उहाँ पानीमाथि हिँड्नुभो । हावा र छालहरुले उहाँको आज्ञाको पालन गरे । विरामीहरुलाई निको तुल्याउनु भयो । मरेकाहरुलाई बौराउनु भयो । अन्धालाई

दृष्टि दिनुभयो, बहिरालाई सुन्ने शक्ति दिनुभयो । लङ्गडाहरू हिँडे, भूतहरुलाई घपाउनु भयो । पानीलाई दाखमद्यमा परिवर्तन गराउनु भयो र थोरै खानाले पाँच हजार जनालाई खुवाउनु भएको थियो ।

२) मानिस बन्नुभयो : परमेश्वर भएर रहनुभयो : परमेश्वरको पुत्र र मानिसको पुत्र

फिलिप्पी २:५-११

क) परमेश्वरको पुत्र

किनभने पापूर्ण मानिलाई मुक्तिको आवश्यकता थियो जसको निम्ति एउटा उद्धारकर्ताको खाँचो थियो र परमेश्वरले मात्रै उद्धार गर्न सक्नुहुन्छ ।

- लूका ५:२०-२४
- १तिमोथी १:१५ "येशू संसारमा पापीहरुलाई बचाउन (उद्धार गर्न) आउनु भएको थियो ।"

ख) मानिसको पुत्र

अ) एउटा सिद्ध (पूर्ण) बलिदान चाहिन्छ ।

आ) परमेश्वर , येशू ख्रीष्ट यस संसारमा मानिसको स्वरुपमा जन्मनु भएको थियो ।
यशैया ७:१४; ९:६ लूका १:३१-३५; १९:१०

इ) हामीहरु जस्तै एउटा व्यक्ति बन्नुभएको थियो । हिब्रू २:१४-१७, ४:१४-१५; १तिमोथी २:३-६

परमेश्वरिय गुण भएको एउटा सदस्य हामीलाई परमेश्वरको प्रतिनिधित्व गराउनको लागि मान्छेको परिवारको एउटा सदस्य दिएर मानिसको परिवारमा आउनुभएको थियो ।

ई) पाप एकजना मानिसद्वारा आयो । मुक्ति एकजना मानिसद्वारा आयो
रोमी ५:१२, १८-१९

उ) आदमले पाप गरे र पापीहरुको जन्म दिए । येशूले (अन्तिम आदम, दोस्रो मानव) एउटा पापरहित जीवन जिउनु भयो र धर्मी मानिसहरुको जन्म दिनुहुन्छ ।
१कोरिन्थी १५:२१-२२ १पत्रुस १:२३

३) येशू ख्रीष्टको मृत्यु र रगत बहाइबाट मुक्ति

१) उहाँले मेरो ठाउँ लिनुभयो– मेरो प्रतिस्थापक

- रोमी ५:६, ८
- रोमी ८:३२

- यशैया ५३

२) मेरो पापलाई क्षमा दिनुहुन्छ
- लूका ५:१८-२४ (२०, २४)
- मत्ती २६:२८
- कलस्सी २:१३-१५, मेरो पापलाई क्षमा दिनुहुन्छ (यशैया ४३:२५ ४४:२२)
- हिब्रू ९:२२, २६ पापलाई लैजानुहुन्छ
- हिब्रू १०:१७-१९ बिर्सिदिएको
- १यूहन्ना १:७; २:१२; ३:५ रगतले हामीलाई धुन्छ (क्षमा दिन्छ) लैजान्छ ।
- प्रकाश १:५ हामीलाई छुटकारा दिन्छ
- भजन १०३:३, १०-१२ तिम्रा सबै दुर्वलताहरुलाई क्षमा दिन्छ

३) मलाई छुटकारा दिनुहुन्छ– खरीद गर्नको लागि आवश्यक पर्ने मोल तिरेर छुटकारा अथवा उद्धार गर्नुहुन्छ

क) शब्दको अर्थ : बजारमा किन्नु । मानिस एउटा दास हो, “पापको नियन्त्रणमा बेचिएको” (रोमी ७:१४) र मृत्युको सजायको नियन्त्रणमा रहेको (रोमी ६:२३) तर येशू खीष्टद्वारा किनिएको थियो ।

१कोरिन्थी ६:१७-२०; ७:२३ भजन १०३:४; यशैया ४३:१-४

ख) सबै मानिसहरुलाई किन्नु भएको कारणले गर्दा उहाँसँग आफूलाई जस्तो इच्छा लाग्दछ त्यही गर्ने अधिकार छ ।
२पत्रुस २:१ तीतस २:११-१३ हिब्रू २:३

ग) मुल्य : भजन ४९:७-८; प्रकाश ५:९ १पत्रुस १:१८-१९

घ) कतिञ्जेलसम्मको लागि ? हिब्रू ९:१२

४) मलाई सिद्ध तुल्याउनुहुन्छ यसरी मलाई धर्मी तुल्याउनुहुन्छ ।

अंग्रेजी बाइबलले एउटा ग्रीक शब्दलाई उल्था गर्नको लागि दुईवटा शब्दहरुको प्रयोग गरेको छ ।

१) सिद्ध तुल्याउनु एउटा क्रियापद हो– परमेश्वरले के गर्नु भएको छ ।

२) धर्मी एउटा नाम हो– परमेश्वर को हुनुहन्छ अथवा म के हुँ ।

- निष्पक्ष : बैधानिकहरुपले ठीक
- सिद्ध तुल्याउनु  दोषरहित तुल्याउनु दोषी छैन भनेर घोषणा गर्नु ।
- धर्मी : दोष वा पापरहित म के हुँ

रोमी ३:२१-२८

क) पद २१ परमेश्वरको नैतिक धार्मिकता नियममा देखिएको थियो र अहिले येशू ख्रीष्टमा र उहाँको उद्धार गर्ने कार्यमा देखिन्छ ।

ख) पद २२ परमेश्वरको धार्मिकता विश्वास गर्ने र मुक्ति पाउनको लागि आफ्नो विश्वास येशू ख्रीष्टमा राख्ने सबैलाई दिइएको छ ।

ग) पद २४ येशू ख्रीष्टको छुटकाराको कार्यको कारणले गर्दा उहाँको अनुग्रहबाट एउटा वरदान स्वरुप उहाँले विश्वास गर्नेहरुलाई वैधानिक रुपमा धर्मी र सिद्ध घोषणा गर्नुहुन्छ । यो एउटा सित्तैंको दान (उपहार) हो । योग्यरहित उपहार । खरीद गर्न अथवा कुनै पनि तरीकाले प्राप्त गर्न सकिंदैन । उहाँको अनुग्रहबाट मात्रै उहाँले दिनुहुन्छ ।                एफिसी २:८क

घ) पद २७-२८, हामी सिद्ध तुल्याइएका हौं– पापरहित छौं भनेर घोषणा गरीने छौं– हाम्रो आफ्नो प्रयास र कामहरुले त हैन तर येशू ख्रीष्टमा विश्वासद्वारा
रोमी ४:१-८   गलाती २:१६   तीतस ३:५

- एउटा अदालतको कठघराबाट दोषरहित सावित हुनु क्षमा पाउनु जस्तै होइन ।

अपराध होइन ....

५) उद्धारकर्ताको मृत्यु : मलाई पुर्नमिलन

गराउँदछ शब्दको अर्थ हुन्छ : ठीक सम्बन्ध स्थापित गराउनु ।

क) रोमी ५:१०

I) हामीहरु शत्रुहरु थियौ  तर परमेश्वरद्वारा एउटा सही र मित्रवत सम्बन्ध स्थापना गर्न परिवर्तित भएका छौ । यो विगतको कुनै विन्दुमा कूसमा पापको मूल्य तिरिएको थियो र पापलाई हटाइएको थियो ।

II) पद ११  हामीले उहाँले गर्नु भएको कार्यलाई ग्रहण गर्नु नै पर्दछ ।

ख) कलस्सी १:२०-२२

ग) २कोरिन्थी ५:१७-२१

I) परमेश्वरबाट येशू खीष्टद्वारा पूर्ण र सिद्ध रुपमा पूरा गरीएको ।
II) हामीमा जिम्मेवारी छ समर्पणता छ, यो असल समाचार हरेकलाई घोषणा गर्ने सेवाकाइ हो ।
III) यो संसारको लागि पूरा गरीएको थियो ।
IV) हरेक व्यक्तिसँग छनौट हुन्छ र यसलाई वर्णन गर्नै नपर्ने गरी प्रतिवाद (जवाफ) दिनुपर्दछ । प्रेमको कार्य तिनीहरुको मस्तिष्क परिवर्तन गरेर यो सत्यलाई विश्वास नगर्नाले परमेश्वरको प्रेमलाई इन्कार गर्न सकिन्छ र यसरी अन्धकार र कोधमा परीन्छ यूहन्ना ३:३६ ।

६) उद्धारकर्ताको मृत्युले मलाई शुद्ध पार्दछ ।

दुईवटा अर्थहरु

१) छुट्‌याइनु, अलग राखिनु : साधारण अवस्था वा प्रयोगबाट समर्पित

प्रस्थान १३:२ प्रस्थानमा एक दिन, एउटा पर्वत, एउटा वेदी र जनावरहरु शुद्ध पारिएका थिए ।" परमेश्वरको लागि छुट्‌याइएको थियो ।"

हिब्रू ९:१९-२२

२) चरीत्रमा शुद्धता– पवित्र । लेवी २०:२६

(म ↓)

क) **स्थान → खीष्टमा** अलग राखिनु । उहाँले यसलाई गर्नुभएको थियो । एउटा भूतकाल, सकिएको कार्य

I) प्रेरित २६:१८; २०:३२ — जब शुद्ध पारिन्छ तब हुन्छ ।
II) १कोरिन्थी १:२ — सबै विश्वासीहरु समावेश हुन्छन् ।
III) १कोरिन्थी १:३ — उहाँको कार्य– उहाँको दायित्व
IV) १कोरिन्थी ६:११ — पूरा गरीएको गरीसकिएको
V) २थेसलोनिकी २:१३ — मुक्तिको लागि प्रवेश
VI) हिब्रू १०:१०; १३:२ — कूसमा पूरा गरीएको
VII) कलस्सी १:२२ — कूसमा पूरा गरीएको
VIII) १पत्रुस १:२ — पूर्वगामी हुन र आज्ञाकारी हुनको लागि हौसला दिन्छ ।

(बन्दैछु ↓)

ख) **प्रगतीशिल → खीष्ट तपाईंमा** (आत्मा)– मेरो दायित्व (जिम्मेवारी)

I) १पत्रुस १:१४-१६ आज्ञाकारीताद्वारा – व्यवस्था २३:१४
II) हिब्रू १०:१४ उहाँको जारी कार्य
III) २कोरिन्थी ७:१ हाम्रो दायित्व
IV) २तिमोथी २:२१ हाम्रो दायित्व
V) १थेसलोनिकी ४:३-८ यो हाम्रो लागि गर्नुपर्ने उहाँको इच्छा हो ।
VI) १यूहन्ना ३:२-३ उहाँ जस्तै बन्नको लागि हाम्रो चाहनाद्वारा शुरू हुन्छ ।

७) येशू ख्रीष्टको मृत्यु र उहाँको रगतले मलाई निको पारेको थियो ।

क) यशैया ५३:४, ५
ख) मत्ती ८:१७
ग) १पत्रुस २:२४

४) येशू ख्रीष्टमा विश्वास र भरोसाको विन्दुमा :

क) परमेश्वरले व्यक्ति ठीक र धर्मी छ भनेर घोषणा गर्नुहुन्छ र उसलाई उसको धार्मिकता दिनुहुन्छ ।

रोमी ३:२२, ४६ २कोरिन्थी ५:२१

ख) अहिले धर्मी भइसकेपछि पवित्र आत्मा त्यो व्यक्तिसँग वास गर्नुहुन्छ ।
रोमी ८:९-११ १कोरिन्थी ३:१६, ६:१९

यो आत्माद्वारा जन्मिनु हो यूहन्ना ३:५-८
अथवा "पुनः जन्मनु हो" १पत्रुस १:२३; तीतस ३:५ ।

ग) यही विन्दुमा हामीहरुले अन्धकारको शक्तिबाट छुटकारा पाउँदछौं र उहाँको पुत्रको राज्यभित्र प्रवेश गराइन्छौं ।
कलस्सी १:१३

र अब "ख्रीष्टमा" छौं भनेर सम्बोधन गरीन्छ
एफिसी १:१ २कोरिन्थी ५:१७

मृत्युभन्दा बाहिर र जीवनमा यूहन्ना ५:२४ एफिसी २:१, ५

घ) उहाँको सन्तान बनाइन्छौं । यूहन्ना १:१२

ङ) एउटा "नयाँ हृदय" प्राप्त गर्दछौं, इजकिएल ३६:२६-२७

च) पवित्र आत्माको प्रकाशद्वारा परमेश्वरले राज्यको रहस्यलाई परिचित जानकारी गराइदिनु हुन्छ ।

मत्ती ११:२५-२७; १३:१०, ११, १६; १६:१५-१७; १कोरिन्थी २:१४

छ) पापको निम्ति येशू ख्रीष्टको रगत मात्र परमेश्वरद्वारा स्वीकार गरिन्छ ।
(परमेश्वरले स्वीकार गर्नुहुन्छ) ।

दुवैको लागि (१) अनन्त जीवन र (२) दैनिक संगति

१) येशू ख्रीष्टले आफ्नो क्रूसमा बहाइएको रगतद्वारा पवित्र परमेश्वरद्वारा पापको न्यायको निम्ति माग गरेअनुसारको ठीक र पूर्ण सन्तुष्टि दिनुभएको थियो ।

रोमी ३:२५-२६; १यूहन्ना २:२; ४:१० रगत सन्तुष्टि हो । संसारको पापको लागि ।

२) रगत परमेश्वरको लागि हो प्रस्थान १२:१३ लेवी १७:११

३) उहाँको धार्मिकतामा एउटा सुहाउँदो बलिदान हुनु नै पर्दथ्यो नत्र उहाँ येशूलाई विश्वास गर्नेहरुको पापलाई क्षमा दिनमा निष्पक्ष हुन अथवा 'वैधानिक तरीकाले' ठीक हुनसक्नुहन्थ्यो ।
हिब्रू २:१४, १५, १७

लेवी १६ प्रायश्चितको दिन १४-२२, २९-३०
प्रधान पूजाहारीले मात्र परमेश्वरको अगाडि रगत लिएर जाने गर्द थिए ।
मत्ती २७:५०-५१ हिब्रू ९:११-१६, २४-२६

येशू ख्रीष्टले प्रधान पूजाहरीको कार्यहरु गरेर पापको निम्ति परमेश्वरलाई सन्तुष्टि पार्नुभयो । पाप हटाइएर तिनीहरुलाई स्वतन्त्र गराइयो जो बन्धनमा मृत्युमा र दुष्टहरुको अधिनमा थिए ।

४) रगतको कारणले गर्दा परमेश्वरको धार्मिकता र अनन्त जीवन प्राप्त गर्नको लागि परमेश्वरको अगाडि पापको प्रश्न उठाईदैन । प्रश्न यस्तो हुन्छ; के तिमीले उहाँको पुत्र येशू ख्रीष्टमा र उहाँको अमूल्य रगतमा विश्वास र भरोसा गरेका छौ ?

I) हिब्रू १०:१९-२२ उहाँको रगतले हामीलाई सन्तुष्टि दिनु नै पर्दछ ।

II) १पत्रुस १:१८-१९ उहाँको यसप्रतिको मूल्याङ्कनलाई पनि स्वीकार गर्नु पर्दछ ।

५) म परमेश्वरकहाँ रगतद्वारा मात्र पुग्न सकेको छु । मेरो काम वा असलपनाले होइन

जब म पाप गर्दछु र मेरो विवेकमा म आफैलाई दोषी महसुस गर्दछु र “शैतान (झूटा)” ले मलाई दोषी ठहराउँदछ । उसले मलाई यसरी आरोप लाउँछ– “तैंले पाप गरेको छस् !” “तँ हारेको छस् !” आदि ।

तब म निराश बन्न पुग्दछु, हार्दछु ... त्यसपछि म आफ्नै धार्मिकता र आफ्नै तरिकाले शुद्ध हुने कुरातिर लाग्दछु र उहाँको रगतमा म विश्वास गर्दिन ।

मैले के गर्नुपर्छ ??? म केवल ख्रीष्ट येशूको रगताको छेऊमा फर्किनु पर्दछ ।

क) केवल रगतले मात्र मेरो पाप शुद्ध पार्दछ :
हिब्रू १०:१०-१८ १यूहन्ना १:५-१०

रगतद्वारा मात्र परमेश्वरसँग मेरो सम्बन्ध स्थापित भएकोथियो । रगतद्वारा मात्र परमेश्वरसँग मेरो संगति कायम भएको छ ।

उहाँको रगतले मात्र हामीलाई सन्तुष्ट पार्नुहुन्छ ।

ख) केवल रगतले मात्र मेरो विवेकमा लागेको दोषबाट शुद्ध पार्दछ ।
हिब्रू ९:१४; १०:१९-२२

ग) केवल रगतले मात्र “शैतान (झूट) माथि विजय दिँदछ ।
प्रकाश १२:१०-११

हामीले अवश्य पनि उहाँको मान्यतालाई ग्रहण गर्नुपर्दछ : १पत्रुस १:१८-१९
हामी यती ठूलो मुक्तिलाई कसरी इन्कार गर्न सक्छौं र ?
हिब्रू २:३ रोमी ८:३१-३४

घ) येशू खीष्ट मुक्तिदाताको बौरी उठाई

१) १कोरिन्थी १५:४-६, १२-२३, ३५-३८; ४२-४४, ४९-५७
२) मत्ती २७:५०-५३, ६२-६६; २८:६-७, ११-१५
३) चेलाहरुले बौरी उठाईको दिनमा नयाँ जन्म पाए :
यूहन्ना २०:१९-२२; रोमी ६:४
४) चेलाहरु गएर बौरी उठाईको प्रचार गरे :
प्रेरित २:२४, ३१-३२; ३:१५, २६; ४:२, १०, ३३; ५:३०; १०:४०;
१३:३०, ३३-३४,३७; १७:३१-३२ २३:६; २४:१५; २६:२३
५) रोमी १:४ शक्तिको साथमा परमेश्वरको पुत्र भनी घषणा गर्नुभयो ।
६) रोमी ४:२५ उहाँको बलिदान, मृत्यु र रगत बगाईको घोषणा
रगतद्वारा पाप मेटिगयो ।
७) रोमी ५:१० कोधबाट बाँचेको र अब हामी उहाँको पुनरूत्थानको जीवनमा रहेको
कारण सधैंलाई बाँचेको ।
८) यूहन्ना १४:१९ जति जना उहाँको रगतद्वारा धर्मी भएका छन् , तिनीहरुले पनि अनन्त जीवनमा उठ्नेछन् र उहाँलाई देख्नेछन् ।

ङ) येशू खीष्ट मुक्तिदात विराजमान हुनुभएको ।

१) फिलिप्पी २:६-११ हिब्रू १:३

२) हिब्रू ९:२१-२४ उहाँले हाम्रो निम्ति आफ्नै रगत लिएर पवित्रमय स्वर्गमा
जानुभयो, त्यसैकारण हामी यस पवित्र ठाउँमा पस्न सक्छौं ।

३) हिब्रू १०:१९

४) हिब्रू ५:१-५ उहाँको हारुनको पूजाहारीपनको समय र बलिदान सकिएको थियो ।
अब उहाँ मल्किसदेकको पूजाहरुपनको सेवाकाई गर्नलाई जानुभएको छ,
जुन चाहिँ हाम्रो निम्ति उहाँले गर्नु हुने अन्तर्विन्ती हो । हाम्रो मुक्ति पूर्ण र
अंन्तिम गर्ने काम ।
हिब्रू ७:२५ उदाहरण यूहन्ना १७
रोमी ८:३४-३९ १यूहन्ना २:१

सिद्ध पूजाहारीले सिद्ध बलिदान दिनुभयो र सिद्ध अन्तर्विन्ती गरिरहनु भएको छ र हामीलाई सिद्ध मुक्ति ल्याउनुहुनेछ ।

च) मुक्तिदाताबाट उद्धार प्राप्त ।

१) हिब्रू २:१-४ यदि हामीले यती महान् मुक्तिलाई इन्कार गऱ्यौं भने हामी यी कुराहरुबाट अवश्य पनि उम्कनेछैनौं– पाप → न्याय →कोध → मृत्यु

२) तीतस २:११ परमेश्वरको अनुग्रहले सबै मानिसको निम्ति मुक्ति ल्याएको छ ।

३) प्रेरित १६:३१ “उद्धार पाउनलाई मैले के गर्नुपर्छ ?”
उत्तर : रोमी १:१६ मुक्तिको निम्ति परमेश्वरको शक्ति सुसमाचारको सुनाईद्वारा आउँदछ ।

४) रोमी १०:९-१८ विश्वास गर्नुहोस् र पश्चात्ताप गर्नुहोस् यदि तपाईंले विश्वास गर्नुभयो भने तब :

- आज्ञाकारी यूहन्ना १४:१५, २१, २३, २४ हिब्रू ५:९ ११:६-८
- पश्चात्ताप– पापबाट पछाडि फर्कनु
  २कोरिन्थी ७:९-१०; लूका ५:३२; २४:४७ प्रेरित २:३८; ११:१८
  १थेसलोनिकी १:९, १० २पत्रुस ३:९

५) यूहन्ना १:१२ येशूलाई ग्रहण गर्न विश्वास र पश्चात्तापबाट ।

६) जब कसैले विश्वास गर्छ र ग्रहण गर्छ, उसले “नयाँ जन्म पाउँछ” ।

७) भजन ११६:१-१३

I. मुक्तिको भूत, वर्तमान र भविष्य ।

१) मैले उद्धार पाएको छु । अनन्त मुक्ति

क) पापको सजायबाट– मृत्यु    एफिसी २:१-९  यूहन्ना ५:२४

ख) कहिले ? जब मैले सुसमाचार माथि विश्वास गरें  रोमी १:१६

ग) मेरो भाग– विश्वास  रोमी ३:२२, २४, २६, २८; ४:५
१कोरिन्थी १:२१  २तिमोथी १:९  तीतस ३:५

घ) यो 'धर्मिकरण' को सिद्धान्त हो ।
रोमी ५:९ उहाँको रगतद्वारा ५:१० उहाँको मृत्युद्वारा

ङ) तपाईं "ख्रीष्टमा" यूहन्ना १०:२८-२९ रोमी ८:१
१कोरिन्थी १:२, ३०; १५:२२

२) म उद्धार पाउने क्रममै छु  दिन दिनको मुक्ति–

क) पापको शक्तिबाट  रोमी ६:२-२३

ख) कहिले ?  मेरो क्रूस उठाएर   लूका ९:२३

ग) मेरो भाग : आज्ञाकारिता  १पत्रुस १:२२; २:२
लूका ६:४६-४९

घ) यो "शुद्धिकरणको" सिद्धान्त हो :
- क) १कोरिन्थी १:१८
- ख) २कोरिन्थी २:१५
- ग) फिलिप्पी २:१२
- घ) १तिमोथी ४:१६
- ङ) याकूब १:२१

ङ) "तपाईंमा ख्रीष्ट"  गलाती २:२०; ४:१९

पापले शैतानको आक्रमणलाई अनुमति दिँदछ;    लूका २२:३१  एफिसी ४:२७

उसले तपाईंलाई आक्रमण गरेर घायल बनाउँदछ, हानी पुऱ्याउँछ र समस्या ल्याउँदछ तर तपाईंले तपाईंको आनन्तको मुक्तिलाई गुमाउनुहुन्न, किनकि ख्रीष्ट येशू जो प्रधान पूजाहारी हुनुहुन्छ, उहाँको अन्तर्विन्तीले उहाँको रगतद्वारा तपाईंको जीवनमा उहाँको पूर्ण अधिकार छ ।
हिब्रू ७:२५

३) मैले उद्धार पाउनेछु । रोमी १३:११ हिब्रू ९:२८ १पत्रुस १:५

क) पापको उपस्थितिबाट : मेरो शरीरको छुटकाराद्वारा
I) मृत्युद्वारा फिलिप्पी १:२१-२४ २कोरिन्थी ५:६-८
II) येशू ख्रीष्टको आगमनद्वारा : १थेसलोनिकी ४:१३-१८
१कोरिन्थी १५:५०-५७; ३५-४४ रोमी ८:११, १६-२३

ख) कहिले ? अन्तिम तुरहीको सोरमा

ग) मेरो भाग : धीरज, सहनशिलता मत्ती १०:२२; २४:१३
रोमी २:७; ५:३; ८:२५; १५:४ २थेसलोनिकी १:४
१तिमोथी ६:११ २तिमोथी ३:१० हिब्रू १०:३२-३९
याकूब १:१२ २पत्रुस १:५, ६ प्रकाश ३:१०

घ) यो "महिमा" को सिद्धान्त हो । फिलिप्पी ३:२०-२१

ङ) जे परमेश्वरले शुरू गर्नुहुन्छ, उहाँले अन्त गर्नुहुन्छ
प्रकाश २१:१-८ रोमी ८:२९-३० एफिसी १:९-११
हिब्रू १२:२